# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कैलाश गाउँपालिका
## मकवानपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

कैलाश गाउँपालिका

मकवानपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कैलाश गाउँपालिका

## मकवानपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

मितिः२०८१।२।११

प.सं. २०८०।८१

च.नं. ११०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्ष ज्यू ,

कैलाश गाउँपालिका, कैलाश गाउँ कार्यपालिकाको कार्यालय,

मकवानपुर ।

१. कैफियत सहितको राय — हामीले कैलाश गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड २५ लाख ६० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.४८ लाख ६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.७ लाख ५० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१५ लाख ५३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ३१ लाख ४२ हजार र पेश्की बाँकी रु.२३ लाख ३४ हजार समेत रु.१ करोड ७७ लाख ७९ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु.१२ करोड ४६ लाख ९७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु.१४ करोड २४ लाख ७६ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( शंकरप्रसाद पन्थी )

**नायब महालेखापरीक्षक**

कैलाश गाउँपालिका,

मकवानपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | ५१ | २२५६० | ० | २२ | ४८०६ | ४९ | २९ | १७७५४ | ७२५ | १३१४२ | १५५३ | ० | ० | १५४२१ | २३३४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | १२४६९७ | ० | ० | १२४६९७ | २५ | १७७५४ | १४२४७६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ९ | प्राकृतिक स्रोतको रोयल्टी | २०५४१४४.६९ |
| २ | | १० | मू.अ.कर दाखिला | ६६७५८७.३० |
| ३ | | ३२ | सशर्त अनुदान फिर्ता | १८८०७ |
| ४ | | ३५ | जिन्सी दाखिला | ३३९९०० |
| ५ | | ३६.२ | सामग्री हस्तान्तरण | ७५५१२३ |
| ६ | | ३९ | भरपाई पेश नभएको | ५१५०० |
| ७ | | ४१ | प्रमाण पेश | २३३६५१ |
| ८ | | ६८ | बढी तलब निकासा | १०३८६ |
| ९ | | ६९ | बितरण भरपाई | ३८६७४५ |
| १० | | ७४.२ | फरक सेवा प्रदायकलाई भुक्तानी | ११२७०० |
| ११ | | ७४.५ | बिल भरपाई पेश | १७५६०० |
| | चालु वर्षको जम्मा | | | ४८०६१४३.९९ |
| | कुल जम्मा | | | ४८०६१४३.९९ |

नोटः गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानिय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल २०४.४८ वर्ग किलोमिटर तथा २३९२२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।१६ देखि २०८०।१०।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(ङ) **आर्थिक कारोबारको स्थिति -** पालिकाको प्राप्ति तथा भुक्तानीको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(च) **लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

(छ) **लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३०८४८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्रम संख्या | विवरण | रकम |
|---|---|---|
| १ | पारिश्रमिक करकट्टी | १४२४८ |
| २ | दोहोरो भुक्तानी | १६६०० |
| | जम्मा | ३०८४८ |

२ **संञ्चित कोष -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायत र स्थानिय सरकार सञ्चालनमा भएका आय- व्यय हिसाबको आर्थिक वर्ष २०७९/८० को कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

| सि नं | आय | | सि नं | व्यय | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | १३९५३०६२३ | १ | चालु खर्च | ३२२७४१६६९.४ |
| २ | आन्तरिक आय | ६३६२८११.९१ | २ | पूँजिगत खर्च | १२४५७३३२५.७ |
| ३ | राजस्व बाँडफाड | ११६४२५४३४ | ३ | अनुदान फिर्ता | ५४६४७४२३.१९ |
| ४ | वित्तीय हस्तान्तरण संघीय सरकार | २६५२४१९१४ | ४ | धरौटी फिर्ता | २८२०७५९ |
| ५ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ४८४९८६९६ | ५ | विभाज्य कोषतर्फको आय | १३८३५५९४ |
| ६ | विभाज्य कोषतर्फको आय | १३८३५५९४ | ६ | विविध खर्च खाता | ३७५३०६५.१९ |
| ७ | विविध खर्च खाता | ४४३८९३५ | ७ | अन्तरसरकारी अनुदान संघ | ८२७२२६५८.६४ |
| ८ | धरौटी आय | १२३८४१७३ | ८ | श्रेष्ता अनुसार मौज्दात | ८४५१५३६९.८५ |
| ९ | सामाजिक सुरक्षा | ८२८८९७२३.८० | ९ | विविध कोष खर्च | ० |
| १० | गरिबसँग विश्वेस्वर कार्यक्रम | ६०६८०० | १० | गरिबसँग विश्वेस्वर कार्यक्रम | ६०६८०० |
| | जम्मा | ६९०२१४७०५ | | जम्मा | ६९०२१४७०५ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### ३ वित्तीय विवरणको परीक्षण

३.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८२८८९७२३.८०, गरिबसँग विश्वेस्वर कार्यक्रमको रु.६०६८००।- गरी रु.८३४९६५२३.८० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१११८६०४३।-, यस वर्षको प्राप्ति रु.१२२७७१२६३.४४, यस वर्षको भुक्तानी रु.१०३९०६९०२.७५ र बैङ्क मौज्दात रु.१८८६२३६०.९९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १३९५३०६२२.७३ | ४२७९१२८१८.५६ | ५०१७९०४३२.४० | ६५६५३००८.९४ |
| एकीकृत आर्थिक विवरणअनुसार | १५०७१६६६५.७३ | ५५०६८४०८२ | ६०५६९९३३५.१५ | ८४५१५३६९.८५ |
| फरक | १११८६०४३ | १२२७७१२६३.४४ | १०३९०६९०२.७५ | १८८६२३६०.९९ |

३.४ **फरक जिम्मेवारी -** गाउँपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१५०७१६६६५.७३ मौज्दात रहेकोमा यो वर्ष रु.१३९५३०६२३।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१११८६०४२.७३ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानिय तहको संञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ।आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको पूजीगत खातामा रु. २२ लाख ६२ हजार मौज्दात रहेको देखियो। तोकिएको समयमा सो रकम संञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नु पर्दछ।

३.६ **कर दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ५,९६१.३४ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९६१.३४ |

४ **आन्तरीक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथि विश्वस्त हुन सक्ने अवस्था छैन।यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन।

- स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा सो तयार गरेको पाईएन।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२)अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

- नागरिक वडापत्रमा सेवा प्रवाहका लागि लाग्ने दस्तुर, समय, जिम्मेवार कर्मचारी किटान हुने गरी प्रकाशन गरी सबै वडा कार्यालय, स्वास्थ्य चौकि लगायत गाउँपालिका अन्तर्गतका कार्यालयमा राख्नुपर्नेमा सो राखेको पाईयन।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

- बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८(१) वमोजिम प्रमुख प्रशासकीय अधिकृतले सेवाका पदहरुको कार्य विवरण अनुसूची -५ बमोजिमको ढाँचामा तयार गरी लागू गर्नु पर्नेमा सो गरेको पाईएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई लेखा समिति गठन गर्न सकिने व्यवस्था भएकोमा पालिकाले हालसम्म पनि लेखा समिति गठन तथा सञ्चालन सम्बन्धी नियमावली बनाएको छैन ।

- बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(२) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब भत्ता प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र भुक्तानी गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित वेगर खर्च लेखेको पाइयो ।

- पालिकाले आयोजना, कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटने आयोजनालाई प्राथमिकतामा दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

- दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु २० लाख भन्दा माथि लागत अनुमान भएको निर्माण कार्यको बिमा गराउनुपर्नेमा केही योजनाको बिमा गराएको देखिएन ।

- वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

६ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २१२५०००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.६३६२८११.९१ अर्थात अनुमान भन्दा ७०.०५ प्रतिशत कम आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४४४००१६३८ | ६३६२८११.९१ | १.४३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाले समग्रमा विभिन्न आय शीर्षकमा आय अनुमान रु. २१२५००००।- र असुली रकम रु.६३६२८११.९१ रहेको छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

९ **राजस्व बाँडफाँड** -

......................***(प्रारम्भिक प्रतिवेदन उपर अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट रु.२०,५४,१४४।६९ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१० **मूल्य अभिबृद्धि कर** -

............................***(प्रारम्भिक प्रतिवेदन उपर मू.अ.कर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.६,६७,५८७।३० सम्परीक्षण गरिएको ।)***

११ **राजस्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा कार्यालयबाट नै छानविन गर्नुपर्दछ ।अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

**व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर सङ्कलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

**घर जग्गा बहाल कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, जग्गा वा पोखरी पुरै

वा आंशिक रुपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था भए अनुसार गाउँपालिकाले यस आ.व. अद्यावधिक गरि करको दायरामा अभिवृद्धि गर्नु पर्दछ।

१२ **कम राजस्व दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा दाखिला गर्न नसकिने अवस्थामा कार्यालय प्रमुखले कारण उल्लेख गरि सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु भौगोलिक विकटतामा रहेकोले प्राप्त भएको रकम समयमा बैंक दाखिला गर्न सक्ने स्थिति नरहेकोले सुगमका वडाहरुबाट मासिक रुपमा बैंक दाखिला भएको र केहि वडाहरुबाट ढिला बैंक दाखिला गर्ने भएकोले नियमानुसार समयमा नै बैंक दाखिला गर्न तर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ।साथै एम्बुलेन्स चालक रमेश ब्लोनले संकलन गरेको रु १६५००० लेखा परीक्षणको अवधि सम्म पनि राजस्व रकम बैंक दाखिला गरेको नदेखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६५,००० |

१३ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुनेरकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१४ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१५ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस पालिकाको उपप्रमुखले

मिति २०७९।३।१० मा रु. ५१ करोड १५ लाख ९८ हजार को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२३ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई रु. ६४ करोड १४ हजार ३ सय ४० रुपैयाको बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१६ **योजनाको प्राथमिकिकरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार कुल १४३ योजनामा कुल ५८०५००९४ वजेट विनियोजन गरेको छ।

| क्र.सं | विवरण | योजना संख्या |
|---|---|---|
| १ | १ लाख सम्मको योजना | ५ |
| २ | १ लाख देखी ३ लाख सम्म | ५७ |
| ३ | ३ लाख देखी ५ लाख सम्म | ५० |
| ४ | ५ लाख देखि १० लाख सम्म | १३ |
| ५ | १० लाख देखी १५ लाख सम्म | २ |
| ६ | १५ लाख भन्दा माथि | १६ |
| **कुल योजना** | | **१४३** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका १४३ योजना मध्ये १२४ योजनामात्र कार्यान्वयन भई १९ वटा योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१७ **लक्ष्य प्रगती -** पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरी लक्ष्य अनुसारको प्रगति समयमै प्राप्त गर्नेतर्फ पालिाले ध्यान दिनुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | १००% सम्म प्रगति |
| कार्यक्रम संख्या | १४३ | १९ | ० | ० | ० | १२४ |

१८ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२४५७३३२५.७० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१९ **क्षेत्रगत बजेट र खर्चको स्थित** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २३८३७००० | १३२७४८७० | २.६५ |
| २ | पूर्वाधार विकास | १९९२५६२६५ | १३०६२९५३८ | २६.०२ |
| ३ | सामाजिक विकास | २१०४७५७६६ | १८४८९९७८१.४९ | ३६.८५ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १७९३९५७५ | १४२३६३४४.७० | २.८४ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १८८५०५७३४ | १५८७४९८९८.१६ | ३१.६४ |
| **जम्मा** | | **६४००१४३४०** | **५०१७९०४३२.३५** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३६.८५ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा २.६५ प्रतिशत रहेको छ ।

२० **खर्च विश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.६३६२८११.९१ राजस्व बाँडफाँडबाट रु.११६४२५४३४ र अनुदानबाट रु.४१५५११६६३.९ समेत रु.५३८२९९०९.८१ आम्दानी भएकोमा चालु तर्फ रु.३२२७४१६६९.४० र पूँजिगत तर्फ रु.१२४५७३३२५.७० समेत रु.४४७३१४९९५.१० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.७६४७५०० खर्च भएको छ जुन आन्तरिक आयको १२०.१९ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९.९६ प्रतिशत चालु र २३.१४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२१ **चौमासिक पूजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | १२४५७३३२६ | १७१३३५७६ | २९४१७४५१ | ७८०२२२९९ | २०८६९४८५ |
| प्रतिशत | | १३.७५ | २३.६२ | ६२.६३ | १६.७५ |

२२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी विवाद नरहेकोमा यो वर्ष ५ विवाद दर्ता भएकोमा ३ वटा मात्र फस्यौंट भई माथिल्लो निकायमा १ वटा रिफर गरी १ वटा मात्र बाँकी देखिन्छ।

२३ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, १ वटा नियमावली, ३८ कार्यविधि, ६ निर्देशिका तथा २ वटा मापदण्ड लगायत ६६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

२४ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग

गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ९९५०७१ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| गो भौ. नं. र मिति | सफ्टवेयरको नाम | कार्य विवरण | रकम |
|---|---|---|---|
| ५७०/२०७९-१२-२९ | हेलो टेक्नोलोजी प्रा. लि. | योजनाको काम | ४९७२०० |
| ५८२/२०७९-१२-०१ | कृष्टो ईन्नोभेसन टेक्नोलोजी प्रा. लि. | नागरिक बडापत्र | ४९७८७१ |
| **जम्मा** | | | **९९५०७१** |

२५ **सेवा प्रवाह -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (च) स्थानीय तहले स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क लगायतको सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था अनुसार यस गाउँपालिकाले यस आ. व. मा पंजिकरण सम्बन्धी सेवा प्रवाहको विवरण तपशिल बमोजिमको देखियो।

| वडा नं/शीर्षक | जन्मदर्ता | विवाहदर्ता | सम्बन्ध विच्छेद | बसाईसराई | मृत्युदर्ता | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ९० | ४६ | ३ | ७ | २१ | १६७ |
| २ | १४८ | ३४ | २ | ८ | २० | २१२ |
| ३ | ९० | १५ | ० | ११ | १३ | १२९ |
| ४ | १०४ | २४ | २ | १२ | १३ | १५५ |
| ५ | ७७ | २९ | १ | १२ | १८ | १३७ |
| ६ | ७९ | ३४ | १ | ५ | १३ | १३२ |
| ७ | ६० | १६ | ० | ३ | २१ | १०० |
| ८ | ६८ | २८ | ३ | ७ | १२ | ११८ |
| ९ | १२५ | ४१ | ० | १६ | २७ | २०९ |
| १० | १६७ | ६३ | ११ | २० | ३३ | २९४ |
| **जम्मा** | **१००८** | **३३०** | **२३** | **१०१** | **१९१** | **१६५३** |

२६ **प्रशासकिय संगठन र जनशक्ति व्यवस्थापन -** बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ मा स्थानीय तहमा स्थानीय सेवाको संगठन संरचना वा दरबन्दी सिर्जना तथा दरबन्दीमा पुनरावलोकन तथा हेरफेर गर्न स्थानिय तहमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोही सर्वेक्षणका

आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७५ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका, इन्जीनियर, जनस्वास्थ्य अधिकृत छैठौं तथा सातौ सहित २३ पदहरु रिक्त रहेका छन्।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ति र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन।

| क्र.सं. | स्वीकृत पद | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति | | पदपूर्ति बाँकी |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | प्र प्र अधिकृत रा प द्वितिय | १ | १ | ० | ० |
| २ | अधिकृत छैठौं/सातौ | ८ | ३ | १ | ४ |
| ३ | सहायक पाचौं/ क अ/स ई | २६ | ९ | ७ | १० |
| ४ | सहायक चौथो/ क अ/स ई | ४२ | १७ | १६ | ९ |
| ५ | सवारी चालक | ६ | ० | ६ | ० |
| ६ | सहयोगी | १५ | १ | १४ | ० |
| | जम्मा | ९८ | ३१ | ४४ | २३ |

२७ **कर्मचारी व्यवस्था** - बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने व्यवस्था छ । पालिकाले अधिकृत छैठौं/सातौं, सब-इन्जिनियर, कम्प्युटर अपरेटर, सहायक पाँचौं, स.क.अ, असिष्टेन्ट सब इन्जिनियर, सहायक चौंथो, सामाजिक परिचालक, हल्का सवारी चालक, कार्यालय सहयोगी लगायतका ४४ पदहरुमा कर्मचारी करार तथा ज्यालादारीमा नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत करार तथा ज्यालादारीमा अधिकृत छैठौं/सातौं, सब-इन्जिनियर, कम्प्युटर अपरेटर, सहायक पाँचौं, स.क.अ, असिष्टेन्ट सब इन्जिनियर, सहायक चौंथो पदमा २३ कर्मचारी नियुक्त गरी रु.१०२३४०४६।- भुक्तानी गरेको कार्य अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०२,३४,०४६ |

२८ **तलबी प्रतिवेदन** - बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब भत्ता प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष

तलबी प्रतिवेदन पारित नगरी ३२ जना स्थानीय सेवाका स्थायी कर्मचारीको तलब भत्ता बापत रु.२,२८,८६,६५१.६० भुक्तानी गरेको छ । पालिकाले तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२९ **कर्मचारी प्रोत्साहन भत्ता -** बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(४) मा स्थानीय सेवा पदमा बहाल रहेका स्थायी कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदा गर्नको लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्षको आन्तरिक आय रु.६३६२८११.९१ मात्र रहेकोमा कानुन तथा कार्यविधि बनाई प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखलाई शुरु तलब स्केलको ७० प्रतिशत तथा अन्य स्थाई कर्मचारीलाई शुरु तलब स्केलको ३० प्रतिशतले रु.३४२३८३५.२० प्रोत्साहन भत्ता भुक्तानी गरेको कारण पालिकालाई थप आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाले आन्तरिक आयलाई समेत विचार गरी आन्तरिक स्रोतलाई मजबुद गराएर मात्र कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने तर्फ ध्यान दिनुपर्दछ ।

३० **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ तथा नियमावली, २०७७ को नियम ३९ (११) बमोजिम सरकारी कारोवार गर्दा गुणस्तर, मितव्ययी तथा हानी नोक्सानी नहुने प्रबन्ध मिलाउनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारको भौचरबाट थप दस्तुर समेत रु २६८८१ बढि भुक्तानी गरेकोले उक्त रकम सम्बन्धित व्यक्तीबाट असुल गर्नुपर्ने रु.

| **भौ.नं/मिति** | **व्यहोरा** | **भुक्तानी लिने** | **थप दस्तुर** |
|---|---|---|---|
| २८८/०७९।७।२४ | डाँडाखर्क हेल्थ पोष्ट | नेपाल विद्युत प्रधिकरण | १६४९ |
| | कैलाश वार्ड ५ | | ५६८ |
| | उपस्वास्थ्य चौकी गोगने | | २५४९ |
| | गाउँ विकास समिति डाँडाखर्क | | ४२११ |
| | कैलाश ५ नं वार्ड | | २७९३ |
| ४८५/०७९।१०।१८ | डाँडाखर्क स्वास्थ्य चौकी | सन्तोष कुमार शाह | ३३८६ |
| ५५५/०७९।११।१८ | वार्ड नं ५ | राम बहादुर थिङ | १२३८ |
| ६००/०७०।१२।१५ | बिमा तथा नविकरण र विजुली | सम्बन्धित निकाय | ६९३५ |
| ८४६/०८०।३।२१ | वडा नं ५ | राम बहादुर थिङ | २७३४ |
| ८७७/०८०।३।२२ | | सुनिता कुमारी गोले | ८१८ |
| जम्मा | | | २६८८१ |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २६,८८१ |

३१ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न संघ संस्था र व्यक्तिहरुलाई रु.२५४८४०।- आर्थिक सहायता बितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.६३६२८११.९१ को ४ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

३२ **संघीय सशर्त अनुदान –**

✂ ***................(प्रारम्भिक प्रतिवेदन उपर संघीय सशर्त अनुदान फिर्ता गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१२ को निर्णयबाट रु.१८,८०७ सम्परीक्षण गरिएको ।)***

३३ **दोहोरो भ्रमण भत्ता भुक्तानी -** भ्रमण खर्च नियमावाली २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भ्रमण भत्ता उपभोग गरेको अवधि भर अन्य कुनै भत्ता पाउने व्यवस्था रहेको पाईदैन । कार्यालयको कामको सिलसिलामा भ्रमण रहेका स्वास्थ्य शाखा प्रमुख जगरनाथ प्रसाद शाहले भ्रमण अवधि मिति २०७९।४।२ देखि २०७९।४।५ मा भ्रमणमा रही भ्रमण भत्ता उपभोग गरेकोमा सोही सयममा पर्ने गरी २०७९।४।२ देखि २०७९।४।६ सम्म पुनः भ्रमण भत्ता बुझिलिएकोले दोहोरो पर्ने गरी भुक्तानी भएको २०७९।४।२ देखि २०७९।४।५ सम्मको भ्रमण भत्ता असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४०० |

३४ **फोहोरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३५ **जिन्सी दाखिला -**

✂ ***................(प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१८ को निर्णयबाट रु.३,३९,९०० सम्परीक्षण गरिएको ।)***

३६ **अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम**

३६.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकरी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले अनिवार्य तथा निशुल्क शिक्षा घोषणा कार्यक्रम सम्पन्न गरेको भनी दिपेन्द्र

अधिकारीको गो.भौ.नं. ८ मिति २०८०।३।२३ मा रु.५३८६६८.२० पेश्की फस्यौंट गरी बाँकी रकम भुक्तानी गरी रु.६४९२९८।— खर्च लेखेकोमा स्मार्ट टिचको रु.६४९२९८।- को सक्कल बिल संलग्न नभएकोले सक्कल बिल पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४९,२९८ |

३६.२ ***................(प्रारम्भिक प्रतिवेदन उपर सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरेको र विद्यालयले पनि आफ्नो जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१/०१/१८ को निर्णयबाट रु.७,५५,१२३ सम्परीक्षण गरिएको ।)***

---

३७ **उपकरण खरिद तथा पशुपंक्षी अनुदान -** गाउँपालिकाले स्वीकृत गरेको वार्षिक कार्यक्रम अनुसार पालिकाले कृषि क्षेत्रमा विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ । पालिकाले विभिन्न समयमा गाउँपालिका भित्रका कृषकहरुलाई सहुलियतमा कृषिजन्य उपकरण, बिउ विजन तथा विभिन्न जातका पशुपंक्षीहरु अनुदान स्वरुप उपलब्ध गएको देखिन्छ । तर पालिकाले स्वीकृत कार्यक्रम अनुसार विगतमा पनि सोहि अनुसारको विभिन्न अनुदानहरु उपलब्ध गराएकोमा उपयोगको अवस्था र यसबाट परेको प्रभाव विश्लेषण गरिएको देखिएन । वर्षेणी समान किसिमको अनुदान मार्फत सामाग्री वितरण गर्दै जाने तर प्रभाव विश्लेषण नगर्ने भएकोले कार्यक्रमको प्रभावकारिता देखिएन ।

| क्र.सं. | शीर्षक | लक्षित समुह | खर्च रकम |
|---|---|---|---|
| १. | स्प्रे पम्प वितरण २० प्रतिशत अनुदान | विभिन्न कृषक समुह | २०००० |
| २. | आकस्मिक रोग किरा नियन्त्रण | विभिन्न कृषक समुह | ७८८०० |
| ३. | चिया बगैचा कार्यक्रम | बैकुण्ठ कृषम समुह | ९५८८६ |
| ४. | आकस्मिक रोग नियन्त्रण तथा बाली संरक्षण कार्यक्रम | विभिन्न कृषक समुह | १५७५६० |
| ५. | ७५ प्रतिशत शुद्ध वोयर बोका | वाक्सिराङ मुल महिला समुह | ९७७४४ |
| ६. | उन्नत जातको काउली विउ वितरण | प्रगतिशिल मुल समिति | ८९४७७ |
| ७. | धानको विउ खरिद तथा वितरण निरन्तर्ता | विभिन्न कृषक समुह | ६९७८०० |
| ८. | ७५ प्रतिशत शुद्ध वोयर बोका वितरण | रुपराङ महिला कृषक समुह | ६१२८२० |
| ९. | ७५ प्रतिशत शुद्ध वोयर बोका वितरण | डोकोटार कृषि सहकारी संस्था | ५३९०७२ |

| | | | |
|---|---|---|---|
| १०. | बाख्रापालन कार्यक्रम कैलाश-६ (७५ प्रतिशत शुद्ध वोयर) | कृषकहरु | ९४०११ |
| ११. | बाख्रापालन कार्यक्रम कैलाश ५ (५० प्रतिशत शुद्ध वोयर) | नमोबुद्ध कृषक समुह | ९७८२० |
| १२. | बाख्रापालन कार्यक्रम कैलाश ४ (७५ प्रतिशत शुद्ध वोयर) | शक्तकरण कृषक समुह | ९८१९० |
| १३. | युवा लक्षित व्यवसायिक लोकल कुखुरापालन कार्यक्रम | संगम बहुउद्देश्यीय कृषि फर्म | ९८२०३ |
| १४. | बाख्रापालन कार्यक्रम कैलाश १ (७५ प्रतिशत शुद्ध वोयर) | चुरियामाई कृषक समुह | ९८०२२ |
| १५. | बाख्रापालन कार्यक्रम कैलाश ८ (५० प्रतिशत शुद्ध वोयर) | रुपराङ महिला कृषक समुह | ९७८५० |
| १६. | धानको विउ खरिद तथा वितरण | कृषक समुहहरु | ७७८३०८ |

३८ **अन्य निकायको खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार संघीय कार्यालयमा विविध खर्च गर्न मिल्ने व्यवस्था रहेको देखिंदैन। पालिकाले गो.भौ.नं. ७४४ बाट जिल्ला प्रशासन कार्यालयको इन्धन वापतको खर्च रकम भनि रु ७२७७८ खर्च उपलव्ध गराएको पाइयो। जिल्ला प्रशासन कार्यालयको खर्च व्यवस्थापनको लागि संघीय सरकारबाट कार्यक्रम स्वीकृत भई बजेट निकासा हुने हुँदा संघीय कार्यालयको लागि कार्यपालिकाको निर्णय बमोजिम खर्च लेख्न उपयुक्त देखिएन । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३९ **भरपाई पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकरी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट निम्न कारोबारमा भर्पाई पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु.

| भौ.नं/मिति | कारोवारको व्यहोरा | भुक्तानी लिने | रकम | कैफियत |
|---|---|---|---|---|
| १७३/०७९।६।१२ | राजस्व सफ्टवेयर तथा कम्प्युटर तालिम | सन्तोष थिङ | १०२०० | बाह्य प्रशिक्षक सन्तोष न्यौपानेले बुझिलिएको भर्पाई नभएको |
| जम्मा | | | १०२०० | |

***................(प्रारम्भिक प्रतिवेदन उपर पारिश्रमिक तथा यातायात खर्च बुझिलिएको गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१८ को निर्णयबाट रु.५१,५०० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,२०० |

४० **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकरी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट निम्न कोरोबारमा बढी भुक्तानी सम्बन्धीत व्यक्तिबाट असुल हुनुपर्ने रु.

| भौ.नं/मिति | कारोवारको व्यहोरा | भुक्तानी लिने | रकम | कैफियत |
|---|---|---|---|---|
| ८३१/०८०।३।१८ | यातायात खर्च प्रतिदिन ७०० का दरले भुक्तानी दिनुपर्नेमा १००० को दरले भुक्तानी दिएको | दिपेन्द्र अधिकारी | २२२०० | सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने |
| ६/०७९।५।१५ | फरफार समिति बैठक भत्ता वापतको रकम बढी भुक्तानी | सुन्तली सुनुवार | ३९५२ | सुन्तली सुनुवार |
| जम्मा | | | २६१५२ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,१५२ |

४१ **प्रमाण पेश —**

***.......................(प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१८ को निर्णयबाट रु.२३३,६५१ सम्परीक्षण गरिएको।)***

४२ **प्रमाण पेश -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकरी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट निम्न भौचरको परीक्षणमा देखिएको व्यहोरा निम्नानुसार छ।

| भौ.नं/मिति | कारोवारको व्यहोरा | भुक्तानी लिने | रकम | कैफियत |
|---|---|---|---|---|
| ३६०/०७९।९।६ | संचार महशुल | नेपाल टेलिकम | ४०००० | बिल संलग्न नभएको |
| ८२६/०८०।३।१७ | पानि तथा बिजुली | रिता कार्की | ५००० | बिजुलीको बिल संलग्न नभएको |

| | | | | |
|---|---|---|---|---|
| ४९७/०७९।१०।२३ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | डार्क वेभ मिडियन प्राली | २०३४० | पालिकाको सुचना ३ पटक प्रकाशन गरेको भनि भुक्तानी लिएकोमा एउटै मितिको पत्रिका पेश भएकोले फरक फरक मितिमा छपाई भएको प्रमाण पेश गर्नुपर्ने |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६५,३४० |

४३ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारको खरिद कार्य वार्षिक खरिद योजना तयार गरी प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रूपमा सम्पन्न गर्नुपर्नेमा टुक्रा पारी विभिन्न आपूर्तिकर्ताबाट प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिद गरी रू.८२४४७५४।- भुक्तानी गरेको छ। पालिकाले खरिद योजना तयार गरी प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रुपमा गुणस्तरयुक्त मालसामान तथा सेवा मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ ।

| गो भौ नं/मिति | आपूर्तिकर्ता | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४०/२०७९।७।२ | ज्योति फर्निचर स्ट्रोर्स | फर्निचर समाग्री | ८९९६०३ |
| ६९/२०७९।१०।२३ | न्यू त्रिवेणी सप्लायर्स | फर्निचर समाग्री | ३१७५३० |
| ७०/२०७९।१०।२३ | न्यू सजावट एण्ड सप्लायर्स | फर्निचर समाग्री | ४५०००० |
| १५८/२०८०।१।२४ | श्री त्रिवेणी इन्टरप्राइजेज एण्ड सप्लायर्स | फर्निचर समाग्री | ४९८७२५ |
| १८४/२०८०।२।१८ | काठमाण्डौ इन्टोरियर रङ्गिन फर्निचर प्रा लि | फर्निचर समाग्री | ११२६९८ |
| २४५/२०८०।३।२१ | मनकामना स्टील फर्चिचर उद्योग | फर्निचर समाग्री | ४५६९७२ |
| २५६/२०८०।३।२२ | कस्मो फर्निचर उद्योग | फर्निचर समाग्री | ९७३०३१ |
| ४०१/२०७९।९।२५ | बागमती ट्रेडर्स एण्ड सप्लायर्स, हेटौंडा | मसलन्द | ४९९४०३ |
| ४९८/२०७९।१०।२३ | स्काई इन्फोसिस् प्रा.लि., काठमाण्डौं | मसलन्द | ३१०३५४ |
| ४१९/२०७९।१०।२३ | पि आर ट्रेडर्स, हेटौंडा | मसलन्द | १९३८१७ |
| ५२५/२०७९।११।११ | मेरिडियन आई टी प्रा.लि., काठमाण्डौं | मसलन्द | ८१०००० |

| | | | |
|---|---|---|---|
| ५३७/२०७९।११।१६ | विनायक ट्रेडिङ्ग कन्सर्न, हेटौंडा | मसलन्द | १९०६१९ |
| ५५८/२०७९।११।१८ | कृतज्ञ सप्लायर्स, हेटौंडा | मसलन्द | ७७९७०० |
| ८६४/२०८०।३।२२ | अफिस इसेन्सीयल्स सप्लायर्स | मसलन्द | ९९४८३५ |
| ८६६/२०८०।३।२२ | मिराकल आई टी प्रा लि | मसलन्द | १९१५३५ |
| ८६८/२०८०।३।२२ | बागमती ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द | ४९९३३२ |
| ८६९/२०८०।३।२२ | शिव अर्डर र आ एस सप्लायर्स | मसलन्द | ६६६०० |
| जम्मा | | | ८२४४७५४ |

४४ **अमानतबाट कार्य -** सार्वजनिक खरिद नियमावाली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले एक तह माथिको पूर्व स्वीकृति लिई एक लाख रुपैंयामा नबढाई खण्ड खण्ड गरी वार्ताबाट वा निर्माण सम्बन्धी काममा आवश्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा उपलब्ध गराई अमानतबाट निर्माण कार्य गराउन सकिने व्यवस्था छ । कार्यालयले विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी नियमावली विपरित अमानतबाट विभिन्न निर्माण कार्य गराई छठु शाहलाई एक तह माथिको पूर्व स्वीकृति नलिई निर्माण कार्य गराउन सकिने भन्दा बढी रकमको निर्माण कार्य गराई रु.३६६५०२।- भुक्तानी दिएको कार्य अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६६,५०२ |

४५ **प्राविधिक बिल र कार्यसम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४६ **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावाली २०६४ को नियम १२१ (क) मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतले नबढ्ने गरि प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। पालिका र वीर रोल्पाली निर्माण सेवा बीच गोगने पकनी डाँडाखर्क बैकुण्ठ सडक निर्माणको लागि सम्झौता रकम भ्याट सहित रु.१०३२३४३०.५२ मा मिति २०७९।२।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।८।१९ मा सम्झौता भएकोमा उक्त

अवधिमा काम सम्पन्न गर्न नसकी दशौं गाउँसभाबाट मिति २०७९।७।३० गते सम्म म्याद थप गरेकोमा उक्त काम सम्पन्न गरेको भनी मिति २०७९।११।१३ गते पालिकामा निवेदन पेश गरेको र सोहि अनुरुप नापजाँच गरी भौचर नं १३७ बाट ७८ दिनको जरिवाना कट्टा गरी अन्तिम बिल रु.२००००८७।- भुक्तानी भएकोमा बाँकी छुट २५ दिनको सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु.१२९०४२.८७ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२९,०४२.८७ |

४७ **हेभी इक्विपमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ।सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ ।पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गो भौ नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|---|
| ४४/०७९।८।१४ | वडा नं १ र २ बाटो सरसफाई उ.स. | सडक सरसफाई | ५६०६०६ | कैलाश निर्माण सेवा |
| ४६/०७९/९/६ | वडा नं १, २ र ६ मा बाटो सरसफाई उ.स. | सडक सरसफाई | ४४७२९४ | कैलाश निर्माण सेवा |
| ५५/०७९/९/२४ | घुमाउने विकुटी लिक्चे सडक मर्मत | सडक मर्मत | ५६७८६६ | डि.एन.एल कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| ५९/०७९/१०/४ | कैलाश २ शाखा सडकहरु मर्मत तथा विस्तार उ.स. | सडक मर्मत | ७५९५५३ | कैलाश निर्माण सेवा |
| ८४/०७९/११/१६ | किटभन्ज्याङ हुँदै मजुवा कृषि सडक योजना उ.स. | सडक निर्माण | ४०७६९५ | डि.एन.एल कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| ९३/०७९।११।१७ | वोम्वराङ हावरा कामीडाँडा सडक योजना | सडक निर्माण | ४७६४४५ | राक्सिराङ स्याङ्तान निर्माण एण्ड सप्लायर्स प्रा.ली. |

| | | | | |
|---|---|---|---|---|
| ९४/०७९।११/१८ | गिम्दि आलडाँडा सडक निर्माण उ.स. | सडक निर्माण | ४७७५६६ | राक्सिराङ स्याङ्तान निर्माण एण्ड सप्लायर्स प्रा.ली. |
| ९८/०७९।११।३० | कैलाश ९ शाखा सडक मर्मत उ.स. | सडक मर्मत | ४५६४६६ | एम ए सप्लायर्स |
| १०८/०७९/१२/६ | सानोडाँडा खर्क छ्याङदुङ सडक स्तरोन्नती उ.स. | सडक स्तरोन्नती | ९५३५६४ | श्रेष्ठ अल मेसिन इक्युपमेन्ट वर्क्स प्रा.ली. |
| १२७/०७९/१२/२८ | छ्याङदुङ घोप्टेटोल सडक निर्माण उ.स. | सडक निर्माण | ३८२१५६ | श्रेष्ठ अल मेसिन इक्युपमेन्ट वर्क्स प्रा.ली. |
| १२९/०७९/१२/२८ | टकुवा आमडाँडा सडक मर्मत उ.स. | सडक मर्मत | ४६७३१६ | राक्सिराङ स्याङ्तान निर्माण एण्ड सप्लायर्स प्रा.ली. |
| **जम्मा** | | | **५९५६६१७** | |

४८ **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले लिफ्ट खानेपानी संरचना लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराई यस वर्ष रु.१८७५५३७।- भुक्तानी गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

४९ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५० **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

५१ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६५०४२८४४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

५२ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ५ .०७ प्रतिशत देखि ५९.८० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.स. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कुवापानी नामटार वडा कार्यालय घैराङ सडक | KRM/BGATRP/BN-03/2079/80 | अकौलिया कन्ट्रक्सन, काठमाडौ | २००१४८३३.९४ | ८०४६७९५.७६ | ५९.८० |
| २ | सुकुभन्जयाङ तामलाङ रोड मर्मत | KRM/STKRM/BN-05/2078/79 | रिजन निर्माण सेवा काठमाडौं | ९९९८३५८.५४ | ४८२७४८८.१० | ५१.७२ |
| ३ | मादलसिँह रुपराङ डाडाखर्क | KRM/NRDBRP/BN-02/2078/79 | ओम अटुट कन्ट्रक्सन | १९९९८९७७.२० | ९७५४८९१.६२ | ५१.२२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बैकुन्ठ सडक | | | | | |
| ४ | गोगने कालिकाटार सडक योजना | KRM/GPD/BN-01/2078/79 | सन्ध्या निर्माण सेवा, थाहा नगरपालिका- | ९७४१५१५.७७ | ४८९२१२१.८८१९ | ४९.७८ |
| ५ | गोगने पकने डाडाखर्क बैकुन्ठ रोड योजना | KRM/STKRM/BN-05/2078/79 | विर रोल्पालि निर्माण सेवा | १९४८३७१६.८२ | १०३२३४३०.५३ | ४७.०२ |
| ६ | बेतेनि- गिम्दि - आमडाडा सडक | KRM/GKRP/BN-06/2078/79 | एस.एम.कन्ट्रक्सन हेटौडा-३ | १९९९७५३६.१४ | १२८६१६५२.६१ | ३५.६८ |

५३ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५४ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौता बमोजिमको काम संम्झौता अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ ।म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थति भए नभएको, कार्यालयले उपलब्ध गराउनुपर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुराहरु उपलब्ध सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो ।निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही ब्यहोरा दोहोरिने गरेको छ। तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन। तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ। कार्यालयले उपलब्ध गराएको अनुसार म्याद थप सम्बन्धी विवरण निम्नानुसार छ ।

| योजनाको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हालसम्मको भुक्तानी | म्याद थप अवधि | सुरु अवधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|
| बेतिनी गिम्दि आम्डाडा सडक | २०७९।८।२६ | १२८६१६५३ | २०८०।२।२६ | ३९५८६३७ | २०८१।१।३० | १८६ |
| कुवापानी नामटार वडा कार्यालय घैराङ सडक | २०७९।८।२६ | ८०४६७९६ | २०८०।२।२६ | ४५०९१४६ | २०८१।१।३० | १८६ |
| मादलसिँह रुपराङ डाँडाखर्क बैकुण्ठ सडक | २०७८।८।१० | ९७५४८९२ | २०७९।१।३० | ९६१८६२५ | २०७९।७।३० | १०६ |
| गोगने पकने डाँडाखर्क बैकुण्ठ रोड | २०८०।९।२० | १०३२३४३१ | २०७९।२।३० | ९६०६७१३ | २०७९।७।३० | १०० |
| भार्ता सानोडाँडाखर्क कैलाश बैकुणठ सडक | २०७९।८।२६ | १३५३७८३३ | २०८०।२।२६ | ४०००४८३ | २०८१।१।३० | १८६ |
| सुकुभन्जयाङ तामलाङ रोड मर्मत | २०७८।८।१४ | ४८२७४८८ | २०७९।१।३० | ४३२०१२९ | २०७९।७।३० | १०९ |
| कृतिमानडाँडा हुदैं पालिका भवन जोडने बाटो | २०७९।८।२६ | ३१५७८२२ | २०८०।२।२६ | २३९३१८४ | २०८०।२।२६ | १८६ |
| गोगने कालिकाटार सडक योजना | २०७८।८।१४ | ४८९२१२२ | २०७९।१।३० | ४४५८०९१ | २०७९।७।३० | ९२ |
| कैलाश अस्पताल निर्माण | २०७८।२।२७ | ६५८९९१७७ | २०७९।८।३० | १६६८४६२३ | २०७९।८।३० | ३३ |

५५ **परामर्श तथा डीपीआर खर्च -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्नेे व्यवस्था छ । पालिकाले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना, डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई रु.५१६१२४०।- खर्च गरी प्रतिवेदन प्राप्त गरेको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| कटहरे वृहत खानेपानी योजना, कैलाश ५ | कृष्ण इन्जिनियरिङ एण्ड डिजाइन कन्सल्टेन्सी | ५००००० | ४९०४२० | ४९९६१८.२ |
| ढकालटोल खानेपानी योजना, कैलाश ५ | ग्रिष्मी इन्जिनियरिङ सोलुसन प्रा.ली. | ४००००० | ३९७७६० | ३९९२०६.४ |
| सानुलेख मझुवा खानेपानी योजना, कैलाश ६ | युञ्भि इन्जिनियरिङ सोलुसन प्रा.ली. | १०००००० | ९९१९१४ | ९९९५१७.३१ |
| बोल्नेलेख जलुके वृहत खानेपानी योजना, कैलाश ६ | | | | |
| जिपलाइन निर्माण, कैलाश २ | फोर जि इन्जिनियरिङ सोलुसन प्रा.ली. | १०००००० | ९९८००० | १३९५६३४.५ |
| पालिका स्तरीय सडक गुरुयोजना | इन्फ्रा डेभलप कन्सल्ट प्रा.ली. | १०००००० | ९९२५९२ | ९९९६९६.०३ |
| गोगने वृहत खानेपानी योजना, डुम्रे गर्लाङ खानीडाँडा खानेपानी योजना, धुस्राङ खानेपानी योजना, | सिस्टमेटिक इन्जिनियरिङ कन्सल्टेन्सी प्रा ली | ८००००० | ७९५८९८ | ८०००३० |
| कटहरे सिचाई योजना | बज्र कन्सल्टिङ प्राली | ५००००० | ४९४६५६ | ४९९९०० |
| **जम्मा** | | **५२०००००** | **५१६१२४०** | **५५९३६०२.४** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट काम हुन नसक्ने भएमा मात्र परामर्शदाताबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु पूर्ण रुपमा कार्यान्वयनमा गएको समेत नदेखिएकोले प्राथमिकता साथ यस्ता डिपि आर भएका आयोजना कार्यान्वयनमा लैजानु पर्दछ ।

५६ **गाडी भाडा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ मा सार्वजनिक निकायले सवारी साधन भाडामा लिदाँ भाडामा लिने सवारी साधन, भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत आदीको आधारमा दर रेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा लागत अनुमान तयार गरी प्रतिस्पधर्धात्मक तवरले गाडी भाडामा लिनुपर्ने व्यवस्था छ । नमुनाको आधारमा परिक्षण गर्दा कार्यालयको विभिन्न काममा विभिन्न समयमा सवारी साधन भाडा लिइ पालिकाले रु.५०२९५० भुक्तानी गरेको छ । पालिकले कुन कुन समयमा के कति अवधिको लागि सवारी साधन प्रयोगमा ल्याएको सो उल्लेख नगरी विभिन्न दरमा भाडा भुक्तानी गरीएकोले भाडामा एकरुपता कायम गरी सम्झौता मार्फत सवारी साधन भाडामा लिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं/मिति | प्रयोजन | भुक्तानी भएको रकम |
|---|---|---|
| १७७-०७९।०६।१२ | कार्यालय प्रयोजनमा प्रयोग गरिएको | ८२५०० |
| ३६६-०७९।०९।०६ | कार्यालय प्रयोजनमा प्रयोग गरिएको | १९८०० |
| ३६९-०७९।०९।०७ | कार्यालय प्रयोजनमा प्रयोग गरिएको | १४८५०० |
| ३७०-०७९।०९।०८ | कार्यालय प्रयोजनमा प्रयोग गरिएको | २२५०० |
| ३७९-०७९।९।१४ | कार्यालय सामाग्री ढुवानी तथा कार्यक्रममा जादा प्रयोग गरिएको | ५६७०० |
| ५०१-०७९।१०।२५ | कार्यालय प्रयोजनमा प्रयोग गरिएको | ६४८०० |
| ६८६-०८०।०१।२५ | सवारी साधान भाडा | २४००० |
| ७३८-०८०।०२।२१ | विद्यालय अनुगमन | ५१७५० |
| ७९२-०८०।०३/०६ | गाडिभाडा सोधभर्ना | ३२४०० |
| **जम्मा** | | **५०२९५०** |

५७ **इन्धन वापतको रकम भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित

खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाबाट हेटौंडाको शिवम् फ्युल सेन्टरबाट तपशिल बमोजिमको विभिन्न मितिमा पालिकामा रहेको जे.सि.बि, ट्रिप्पर, एम्बुलेन्स र २ सवारी साधन संचालनको लागि इन्धन (डिजेल) प्रयोग गरे वापत रु.५५२५१८३ भुक्तानी दिएको भौचरको परीक्षण गर्दा देखिएकोमा पालिकाबाट कुन कुन समयमा के कति इन्धन माग गरिएको हो, माग बमोजिम के कति मात्रामा प्राप्त तथा खपत भएको हो, प्राप्त भएको इन्धन कुन कुन समयमा कुन कुन प्रयोजनको लागि खर्च भयो, मौज्दात के कति मात्रामा रहेको छ सो एकिन हुने कागजात संलग्न रहेको देखिएन। सवारी साधनगत रुपमा इन्धन खर्चको अभिलेख तयार गरी मितव्ययी तवरले खर्च व्यवस्थापनमा पालिकाको ध्यान दिनुपर्ने देखिन्छ ।

| गो.भौ.नं./ मिति | भुक्तानीको व्यहोरा | भुक्तानी भएको रकम |
|---|---|---|
| ३-०७९।५/३ | इन्धन वापत | १२५६२४६ |
| ६२-०७९/६/७ | इन्धन वापत | ८२२७०४ |
| ३१९-०७९।८।२० | इन्धन वापत | १६०६७२ |
| ३२०-०७९।८।२० | इन्धन वापत | २८२२०३ |
| ३५९-०७९।०९।०६ | इन्धन वापत | १२०९८८ |
| ३७२-०७९।०९।१२ | इन्धन वापत | १२५४५६ |
| ४७१-०७९।१०।०५ | इन्धन वापत | ८०५१३२ |
| ५३८-०७९।११।१६ | इन्धन वापत | १०३२४३ |
| ६०९-०७९।१२।१६ | इन्धन वापत | ५१८६९४ |
| ६९९-०८०।०२।० | इन्धन वापत | ४७४३३२ |
| ७२०-०८०।०२।१० | इन्धन वापत | २५३८५३ |
| ७५०-०८०/०२/२५ | इन्धन वापत | १०६७१४ |
| ८३४-०८०/०३/१९ | इन्धन वापत | ४९४९४६ |
| **जम्मा** | | **५५२५१८३** |

५८ **भ्रमण आदेश** - भ्रमण खर्च नियमावली, २०६४ को नियम ३ मा भ्रमण आदेश वा निर्णय विना भ्रमण गरी भ्रमण खर्च गर्न नहुने व्यवस्था छ । पालिकाले भौचर नम्बर १३५ बाट २०७९।१२।२९ मा प्रमुख प्रशासकीय अधिकृत अशोक विष्टलाई हवाइ टिकट र काठमाण्डौमा विभिन्न समयमा गाडी प्रयोगको भर्पाई संलग्न गरी रु.३५००० रुपैया भुक्तानी गरेकोमा नियमानुसार भ्रमण आदेश स्वीकृत गरिएको प्रमाण संलग गरिएको नदेखिदाँ भ्रमण आदेश स्वीकृत गरिएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,००० |

५९ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १७ वटा सहकारी संस्था रहेका छन् ।पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

६० **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

६१ **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । रोजगार संयोजक अर्पण लामा घिसिङले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागि भौ.नं.३०७ बाट रु.५०,०००।- पेश्की लिएकोमा कार्यक्रम संचालन नगरी फिर्ता गरेको पेश्की रकम गाउँपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेकोमा सो संघीय सशर्त अनुदानको रकम संघीय संञ्चित कोष फिर्ता नगरेकोले संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

६२ **स्लाइसिङ्ग -** सार्वजनिक खरिद नियमावाली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुल्ला

बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रशासकीय भवन र १० बेड अस्पतालको बीचमा पर्खाल लगाउने काम रु २५ लाखको ३ वटा तपशिल बमोजिमको लागत अनुमान बनाई सिल्ड कोटेशनबाट पर्खाल लगाउने कार्य गरेको देखियो। मुल पर्खाल निर्माण सहजिकरणको लागि निर्मित ती ३ पर्खाल नियम विपरित प्रक्रियाबाट निर्माण गरेको नियमसम्मत देखिएन ।

| क्र.सं. | गो भौ नं र मिति | कार्य विवरण | लागत अनुमान | कम्पनी/ फर्मको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १. | ७-०७९/५/१४ | स्वास्थ्य चौकी भवनको तल्लो मेसोनरी वाल निर्माण | ९९८५९३।३७ | ॐ अटुट कन्स्ट्रक्सन | ९६७९९९ | ८७८९०८ |
| २. | ९-०७९/५/१४ | स्वास्थ्य चौकी भवनको लामो मेसोनरी वाल निर्माण | ९९८५९३।३७ | सेतिदेवि कन्स्ट्रक्सन | ९६७९९९ | ८७८९०८ |
| ३. | ११-०७९/५/१४ | स्वास्थ्य चौकी भवनको लामो मेसोनरी वाल निर्माण | ४९६११६।४५ | एस एम कन्स्ट्रक्सन | ४७६२६८ | ४३२४३४ |
| कुल | | | | | २४१२२६६ | २१९०२५० |

| | |
|---|---|
| अनियमित भएको | २४,१२,२६६ |

६३ **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (पूजीगत)**

**बिल भर्पाई नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकरी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ३९-२०८०।३।२४ बाट विभिन्न समानको बिल वापत रु १५०००० भुक्तानी भएकोमा कृतिमान डाँडा हुदै गा.पा. जोड्ने बाटोको कन्टेन्जेन्सी रकमबाट सुचना प्रविधि अधिकृत प्रकाश राईको नाममा भुक्तानी गरेकोमा कुनै पनि कागजात संलग्न भएको नदेखिएकोले सो को प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

६४ **कर कट्टी -** आय कर ऐन, २०५८ को दफा ८८ (क) मा आकस्मिक लाभ वापतको भुक्तानी रकममा पच्चित प्रतिशतका दरले करकट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाउँपालिका अध्यक्ष फुटबल प्रतियोगिता र गाउँपालिका अध्यक्ष भलिबल प्रतियोगिता संचालन गरी भौ.नं ६१३ र ६४४ बाट उक्त प्रतियोगिताका बिजेतालाई कुल पुरस्कार रकम रु.२६००००।- भुक्तानी गरेकोमा २५ प्रतिशतले हुने कर रु.६५०००।- कट्टी गरी भुक्तानी गर्नुपर्नेमा १५ प्रतिशत मात्र कर रु.३९०००।- कट्टी गरी दाखिला गरेकोले बाँकी कर रु.२६०००।- असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,००० |

६५ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । पालिकाले यो वर्ष औषधिको खरिद कार्य वार्षिक खरिद योजना तयार गरी प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रूपमा सम्पन्न गर्नुपर्नेमा टुक्रा टुक्रा पारी विभिन्न आपूर्तकबाट प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिदबाट रू.५५६९४९१।- भुक्तानी गरेको छ । पालिकाले खरिद योजना तयार गरी प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धातमक रुपमा गुणस्तरयुक्त औषधी मितब्ययी तरिकाले खरिद गर्नुपर्दछ ।

| भौ.नं. तथा मिति | आपूर्तक | भुक्तानी रकम |
|---|---|---|
| ४५७/२०८०।३।२३ (संघीय सशर्त) | आचार्य फर्मासिटिकल्स्, हेटौंडा | ९८६०९२।- |
| ४४०/२०८०।३।१९ (संघीय सशर्त) | योमन मेडिसेल्स्, काठमाण्डौं | ९९९७३३।- |
| ४५१/२०८०।३।२२ (संघीय सशर्त) | शाह मेडिकल हल, हेटौंडा | ५६२०००।- |
| ४३९/२०८०।३।१९ (संघीय सशर्त) | सुबिसु मेडिसिन सप्लायर्स, काठमाण्डौं | ६९९१३०।- |
| १९०/२०७९।६।१३ (गा पा चालु) | सेवक फर्मा, हेटौंडा | ९८९६००।- |
| ११/२०७९।५।२० (गा पा चालु) | शाह मेडिकल हल, हेटौंडा | ५५००००।- |
| १२/२०७९।५।२० (गा पा चालु) | दुर्गामाता सप्लायर्स, मनहरी | ६३५५३६।- |
| ५६/२०७९।६।५ (गा पा चालु) | शाह मेडिकल हल, हेटौंडा | १४७४००।- |
| | **कुल जम्मा** | **५५६९४९१।-** |

६६ **मातृ तथा नवशिशु कार्यक्रम** - स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको आईएमएनसिआइ कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं.१.१ को आईएमएनसिआइ समीक्षा कार्यक्रम IMNCI तथा नवजात शिशु कार्यक्रम अन्तर्गत गर्नुपर्ने सबै कार्यक्रम भन्दा पहिले गरी गत आ.व.को कार्यक्रम कार्यान्वयनको समीक्षा गरी यस आ.व. का लागि IMNCI कार्यक्रम अन्तगर्तका सम्पूर्ण कार्यक्रम कार्यान्वयन गर्नका लागि कार्ययोजना बनाई ती कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि गर्नुपर्ने तथा समता र पहुँच कार्यक्रम CBIMNCI कार्यक्रमको सूचांक कम भएका स्वास्थ्य संस्थाहरुको छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम संयोजक जगरनाथ शाहले मिति २०७९।१०।२८ मा नामटार स्वास्थ्य चौकी, वडा नं.९ मा IMNCI अन्तर्गतको IMNCI समीक्षा तथा समता र पहुँच कार्यक्रम गरी दैनिक भ्रमण भत्ता, यातायात खर्च, खाजा, स्टेशनरी तथा विविध खर्च गरी रु.४१६८१५।- खर्च गरी कार्यक्रम गरेको तर IMNCI समीक्षा कार्यक्रम गरी यस आ.व.को लागि IMNCI कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयन गर्न कार्ययोजना तयार नगरेको र IMNCI कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु समेत नगरेकोले IMNCI समीक्षा तथा समता र पहुँच कार्यक्रम गरी गरेको खर्च औचित्यपूर्ण नदेखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१६,८१५ |

६७ **कोभिड १९ भ्याक्सिन डिजिजलाईजेसन तथा आइ एम यू सुदृढीकरण कार्यक्रम** - स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको व्यवस्थापन कार्यक्रम अन्तर्गतको स्वास्थ्य सूचना साथै आइ एम यू सुदृढीकरण कार्यक्रम अन्तर्गत स्वास्थ्य शाखाले आर्थिक वर्षको सुरुवातमा नै इन्टरनेट सेवाको लागि वार्षिक ३५ हजार रुपैंया खर्च गर्नुपर्ने साथै बाँकी रु.३० हजार स्वास्थ्य शाखाको प्रत्येक महिना हुने नियमित बैडकमा खाजा र चिया खर्च गर्न सक्ने व्यवस्था छ । साथै कोभिड १९ भ्याक्सिनको डिजिटाइजेसन तथा क्यू आर कोड प्रमाणिकरण कार्यक्रम गर्दा पालिका एवं स्वास्थ्य संस्थामा रेकर्डिङ्ग रिपोर्टीङ्गमा संलग्न कर्मचारीहरुलाई HMIS Recording/Reporting Tools सम्बन्धी ३ दिने तालिम दिने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन मार्गदर्शनमा स्पष्ट रुपमा तोकिएका कार्य नगरी निम्न फर्मबाट स्टेशनरी तथा कार्यालय सामाग्री खरिद गरेको कार्य नियमअनुसार नभएको रु.

| गो.भौ.नं./मिति | फर्मको नाम | बिजक नं/मिति | विवरण | रकम |
|---|---|---|---|---|
| ४७०/२०८०।३।२४ | बागमती ट्रेडर्स एण्ड सप्लायर्स, हेटौंडा | ०४९/२०८०।३।१३ | क्यानन प्रिन्टर १ थान | ३०००० |
| | | ०२७/२०८०।२।४ | स्टेशनरी खरिद | ९८७३९ |
| जम्मा | | | | १२८७३९ |

| | |
|---|---|
| अनियमित भएको | १,२८,७३९ |

६८ **बढी तलब निकासा** –

.......................(***प्रारम्भिक प्रतिवेदन शिक्षकको तलब भत्ता बढी निकासा दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१८ को निर्णयबाट रु.१०,३८६ सम्परीक्षण गरिएको।)***

६९ **बितरण भरपाई** - शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.७.२.१.१ अन्तर्गतको सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (गैरआवासीय) का लागि विद्यालयको मागका आधारमा तेश्रो त्रैमासिकमा विद्यालयलाई अनुदान दिने र अनुदान प्राप्त गर्ने विद्यालयले शैक्षिक सत्र सुरु भएको २ महिना भित्रमा विद्यार्थीहरुलाई छात्रवृत्ति बितरण गरिसक्नुपर्ने र स्थानीय तहले समग्र कार्यक्रमको प्रभावकारिता तथा छात्रवृत्ति बितरण गरेको भरपाईको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं.२७४ बाट मिति २०७९।१०।११ मा ४९ विद्यालयलाई गैरआवासीय छात्रवृत्ति बितरणको लागि तेश्रो त्रैमासिकमा निकासा गरेको भएता पनि विद्यालयले शैक्षिक सत्र सुरु हुनु अगावै २०७९ को IEMIS का आधारमा छात्रवृत्ति बितरण गरेको साथै पालिकाले छात्रवृत्ति बितरणको समग्र कार्यक्रमको प्रभावकारिता तथा बितरण भरपाईको अनुगमन समेत गरेको नदेखिएको र केही विद्यालयहरुले छात्रबृत्ति बितरणको भरपाई समेत पेश नगरेकोले

पालिकाले समग्र कार्यक्रमको प्रभावकारिताको अनुगमन गर्नुपर्ने साथै निम्न विद्यालयले छात्रवृत्ति बितरण गरेको भरपाई पेश गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | शिलाकन्या देवी आ.वि. | २२८० |
| जम्मा | | २२८० |

......................(***प्रारम्भिक प्रतिवेदन सम्बन्धित विद्यालयले विद्यार्थीलाई छात्रवृत्ति बितरण गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१८ को निर्णयबाट रु.३,८६,७४५ सम्परीक्षण गरिएको।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२८० |

७० **सुरक्षित नागरिक आवास -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने खरको छाना भएका घरधनीहरुलाई कार्यविधि बमोजिम छनोट भई पहिलो र दोस्रो किस्ता वापतको रु ३१२०००० भुक्तानी भई कार्य सम्पन्न गर्ने लाभग्राहीको विवरण तपशिल बमोजिम रहेको छ ।

| सम्झौता भएको संख्या | पहिलो किस्ता वापतको रकम बुझिलिएको संख्या | दोस्रो किस्ता वापतको रकम बुझिलिएको संख्या | कार्यविधि बमोजिम कार्य सम्पन्न गरेको संख्या | खर्च रकम |
|---|---|---|---|---|
| ९९ | ९७ | ३१ | ३१ | ३१२०००० |

७१ **लघु उद्यम विकास कार्यक्रम -** अर्थ मन्त्रालयद्वारा जारी भएको कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को दफा ७.१.१५ ले सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ। यस मापदण्डले गाउँपालिकास्तरमा सञ्चालन हुने सीप विकास तालिम सञ्चालन गर्दा मुख्य प्रशिक्षकलाई ३० दिनसम्म प्रतिदिन रु.७००।- र ३० कार्यदिन भन्दा बढीको तालिम सञ्चालन गर्दा मासिक रु.१००००।- का दरले प्रशिक्षक भत्ता उपलब्ध गराउनुपर्ने व्यवस्था छ।पालिकाले निम्न तालिम सञ्चालन गर्दा तल उल्लेखित प्रशिक्षकलाई कार्यक्रम सञ्चालन निर्देशिकाले तोकेको दरभन्दा बढी दरमा भत्ता उपलब्ध गराएकोले बढी भुक्तानी असूल गर्नु पर्ने रु.

| तालिमको नाम | गो भौ नं र मिति | प्रशिक्षक | भुक्तानी भएको प्रशिक्षक भत्ता | निर्देशिकाअनुसार भुक्तानी हुनुपर्ने भत्ता | खुद बढी भुक्तानी |
|---|---|---|---|---|---|
| बाख्रा पालन तालिम | ४२५/२०८०।०२।०३-२०८०।०२।९ | अनिल सापकोटा | १७५०० | ४९०० | १०७१० |
| साबुन बनाउने तालिम | | विजय कुमार घिमिरे | १७५०० | ४९०० | १०७१० |

| | | | | | |
|---|---|---|---|---|---|
| डल कुसन बनाउने तालिम | | सपना राई | ३७५०० | १०५०० | २२९५० |
| साबुन बनाउने तालिम | ४२४/२०८०।०२।०३-२०८०।०२।९ | विनय कुमार घिमिरे | १७५०० | ४९०० | १०७१० |
| डल कुसन बनाउने तालिम | | सपना राई | ३७५०० | १०५०० | २२९५० |
| बाखा पालन तालिम | | विना कुमारी दाहाल | १७५०० | ४९०० | १०७१० |
| | | भिम प्रसाद दाहाल | १७५०० | ४९०० | १०७१० |
| झोला बनाउने तालिम | ४५४/२०८०।०३।०८-२०८०।०३।१४ | सुजिता राई | १७५०० | ४९०० | १०७१० |
| डल कुसन बनाउने तालिम | | सपना राई | १७५०० | ४९०० | १०७१० |
| **जम्मा** | | | **१९७५००** | **५५३००** | **१२०८७०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,८७० |

७२ **उद्यमीबाट प्राप्त रकम आन्तरिक राजस्व खातामा जम्मा गरेको** - गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ मा प्रविधि हस्तान्तरण कार्यक्रम गर्दा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले उद्यमीहरुलाई प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत सिलाई मेसिन खरिदका लागि आपूर्तिकर्तासँग सम्झौता गरी सम्झौता रकमको २० प्रतिशत प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्तालाई भुक्तानी गर्न लगाई ८० प्रतिशत रकम मात्र आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्नेमा सो नगरी पालिकाले पुरै रकम भुक्तानी गरी सिलाई मेसिन खरिद गरी मेसिन खरिद मूल्यको २० प्रतिशत रु.८१०००।- उद्यमीबाट पालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्न लगाएकोले संघीय सशर्त अनुदान अन्तर्गतको २० प्रतिशत बढी खर्च भई उद्यमीबाट प्राप्त भएको पालिकाको आन्तरिक राजस्व खातामा जम्मा भएको रु.८१०००।- संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८१,००० |

७३ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस

कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका ८ वडामा १८ योजना सञ्चालन गरी रु.५१३४४६१ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७४ **आन्तरिक लेखापरीक्षकद्वारा औल्याएको बेरुजू**

७४.१ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट गो.भौ.नं २५५ बाट ग्रामिण विद्युतिकरण कार्यक्रम वडा नं ३,४,७ र ८ को लागि 0.03 ACSR Conductor Wire 18000 मिटर प्रति मिटर रु.४५.१० मा ८११८०० को भ्याट सहित रु.९१७३३४ को कर कट्टी गरी बागमती केवल्स एण्ड इन्जिनियरिङ प्रा.ली.लाई ९०५१५७ रुपैंया भुक्तानी भएको छ । जिल्ला दररेटमा उक्त विद्युतीय सामाग्री प्रति मिटर रु.३७ रुपैंया रहेकोमा जिल्ला दररेट भन्दा पालिकाले उक्त सामाग्रीलाई रु.१६४७५४।- बढी भुक्तानी भएको सो रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,७५४ |

७४.२ **फरक सेवा प्रदायकलाई भुक्तानी —**

......................(***प्रारम्भिक प्रतिवेदन उपर सम्बन्धित फर्मलाई बुझाएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२५ को निर्णयबाट रु.१,१२,७०० सम्परीक्षण गरिएको।)***

७४.३ **बिल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकरी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको कार्यक्रमको लागि रु.६२५००।- खर्च लेखेकोमा खर्च पुष्टि गर्ने बिल भरपाई स्रेस्तासाथ संलग्न नरहेकोले सो खर्च पुष्टि गर्ने बिल भरपाई पेश गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ७४.३.१ | कालिका मा वि | ३८,५०० |
| ७४.३.२ | सरुना प्रजा | २४,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६२,५०० |

७४.४ बालमैत्री स्थानीय शासन नीतिगत कार्यन्वयनका अवलम्बन तथा घोषणा सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रममा सहभागी वापत नियमानुसार १ दिनको आतेजाते रकम रु ७०० का दरले उपलब्ध गराउन सकिने कानूनी प्रावधान रहेकोमा २ पटक अर्थात १४०० को दरले रु.१२७६०० रकम भुक्तानी दिएकोले बढि भुक्तानी भएको रकम रु.६३८०० सम्बन्धित पदाधिकारीहरुबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,८०० |

७४.५ **बालमैत्री स्थानिय तह घोषणाको बिल भरपाई नभएको -**

.......................(***प्रारम्भिक प्रतिवेदन उपर सम्बन्धित व्यक्तिले बुझिलिएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१८ को निर्णयबाट रु.१,७५,६०० सम्परीक्षण गरिएको।)***

७४.६ **बालमैत्री स्थानीय तह घोषणाको प्रशिक्षक भत्ता -** अर्थ मन्त्रालयद्धारा जारी गरिएको कार्य संचालन निर्देशिका अनुसार गाउँपालिकास्तरमा संचालन गरिने कार्यक्रममा बाह्य प्रशिक्षकलाई प्रशिक्षक वापत रु १४०० र कार्यपत्र वापत रु ७०० गरि कुल २१०० का दरले भत्ता उपलब्ध गराउन सकिने व्यवस्था रहेकोमा मुख्य प्रशिक्षकलाई ५१ सेसनको प्रति सेसन रु ४००० का दरले २०४००० भत्ता वापत भुक्तानी भएकोले नियमानुसार बढि भुक्तानी भएको रकम रु २५०० र सहायक प्रशिक्षक १५०० भनि ४/४ सेसनको रकम भुक्तानी भएको रु.२१२००।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,२०० |

७५ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई रु.५३९५८४५।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.२३३४०००।- फस्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्ने रु.

| गो भौ नं/मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | म्याद ननाघेको पेश्की | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|
| १५/२०७९।५।२० | गैर आवासीय भवन निर्माण | टाण्डव कन्स्ट्रक्सन् कम्पनी प्रा.लि. | ६००००० | |
| १५/२०७९।५।२० | सडक तथा पुल निर्माण | सन्ध्यारिजन जे.भी. | ८११००० | |

| | | | | |
|---|---|---|---|---|
| १५/२०७९।५।२० | सवारी साधन | कटुन्जे स्वास्थ्य चौकी | ६००००० | |
| १५/२०७९।५।२० | सवारी साधन | अग्नि इन्कर्पोरेसन प्रा.लि. | १०५०८४५ | |
| १५/२०७९।५।२० | औषधालय भवन निर्माण | टाण्डव कन्स्ट्रक्सन् कम्पनी प्रा.लि. | | १८५०००० |
| २४/२०७९।४।१ | कार्यक्रम पेश्की | दिनेश हुमागाई | | २१२००० |
| २३/२०७९।५।३१ | कार्यक्रम पेश्की | प्रदिपनाथ शर्मा | | २७२००० |
| जम्मा | | | ३०६१८४५ | २३३४००० |

| | |
|---|---|
| पेश्की | २३,३४,००० |

**संपरीक्षणबाट थप भएको बेरूजू**

| क.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहबाट उठेको मूल्य अभिबृद्धि कर बापतको रकम बाँडफाँड गर्न संघीय विभाज्य कोषमा जम्मा गर्नपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी बापत मूल्य अभिबृद्धि कर सहित रु.५८०२८७४।— आम्दानीमा मूल्य अभिबृद्धि कर बापतको रकम रु.६६७५८७.३० संघीय विभाज्य कोषमा दाखिला गर्नुपर्नेमा पालिकाले २०८०।४।२५ मा आन्तरिक राजस्व कार्यालय, हेटौंडामा मूल्य अभिबृद्धि कर बापत जम्मा रु.६४२२००।— मात्र दाखिला गरेको प्रमाण पेश गरेको दाखिला गर्न बाँकी रु.२५३८७.३० मूल्य अभिबृद्धि कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २५३८७.३० |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : कैलाश गाउँपालिका, मकवानपुर , कैलाश गाउँपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्र.प्र.अ. श्री देवराज चौलागाई | २०७८-२-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लेखापाल श्री नविन धिताल | २०७८-१२-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७६०,४८५.८७ | १३,१४१,५५३ | ६,३२४,१५२.३३ | ० | ० | २,३३४,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २२,५६०,१९१.२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ४,८०६,१४३.९९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | २५,३८७.३ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १७,७७९,४३४.५१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १३९५३०६२२.७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २६५२४१९१४ | **चालु खर्च** | ३३६७४८१८८.४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४८४९८६९६ | **पूँजीगत खर्च** | १६५०४२८४४ |
| **राजश्व बाँडफाँट** | ११६४२५४३४ | **वित्तीय/अन्य व्यवस्था** | १३९५३०६२२.७१ |
| **आन्तरिक आय** | ६३६५८११.९१ | | |
| **अन्य आय** | १३०९१३४१६.१ | | |
| **कुल आय** | ५६७४४५२७२.०१ | **कुल खर्च** | ६४१३२१६५५.११ |
| **बाँकी मौज्दात** | | ६५६५४२३९.६ | |